# आर्थिक वर्ष २०८०/८१ को

# बार्षिक बजेट तथा कार्यक्रम

विहादी गाउँपालिका

**विहादी गाउँपालिका**

**पर्वत जिल्ला**

**गण्डकी प्रदेश**

२०८१/०३/०३

विहादी गाउँपालिका

**बजेट वक्तव्य**

नमस्कार !

विहादी गाउँपालिकाको १५औं गाउँसभाका सभाध्यक्ष महोदय,

गाउँसभाका सभा सदस्यज्यूहरु,

उपस्थित कर्मचारीहरु,

पत्रकार ज्यूहरु,

सुरक्षाकर्मी तथा अन्य महानुभावहरु,

विहादी गाउँपालिकाको १५ औं गाउँसभामा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।

विद्युतीय घटनामा परी ज्यान गुमाउनु भएका यस सभाका सदस्य दिपक गुरुङलाई सम्झन चाहन्छु ।

उहाँको चिर शान्तीको कामना गर्दछु ।

विहादी गाउँपालिकाको सामाजिक विकास, आर्थिक विकास तथा मानवीय संसाधन विकास लगायतका विकास निर्माणको कार्यहरुलाई अगाडी बढाउने तथा गाउँपालिकाको अर्थतन्त्रलाई गतिशील र चलाएमान बनाउने विश्वासका साथ विहादी गाउँ कार्यपालिकाको तर्फबाट म यस गरीमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रश्तुत गर्न उपस्थित भएकी छु ।

बजेट तथा कार्यक्रम प्रश्तुत गर्नुभन्दा अगाडी देशको रक्षार्थ विभिन्न कालखण्डमा आफ्नो प्राणको उत्सर्ग गर्ने ज्ञात अज्ञात अमर शहीदहरुलाई स्मरण गर्दै भावपूर्ण श्रद्धानजली व्यक्त गर्दछु । तथा सोही कालखण्डमा यो व्यवस्था ल्याउनको लागी विभिन्न आन्दोलनमा परी घाईते हुनुभएका वेपत्ता हुनुभएका सवैलाई सम्झन चाहन्छु ।

नेपालको संविधानले परिकल्पना गरे अनुसार गणतन्त्रात्मक संघीय शासन प्रणाली द्वारा लोकतान्त्रीक समाजवाद स्थापनार्थ नेपाल सरकार द्वारा लिएको समृद्ध नेपाल सुखी नेपाली बनाउने परिकल्पनालाई साकार पार्न यस गाउँपालिका प्रतिबद्ध रहँदै गाउँपालिकाको समग्र विकास र आम गाउँपालिका बासीको हक हित र अधिकार सुनिश्चित गर्दै गाउँपालिकाको सरकारी स्वामित्व रक्षा गर्न प्रतिबद्ध छ ।

गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तव्य सम्बन्धि संबैधानीक व्यवस्थाको कार्यान्वयन गर्न विहादी गाउँपालिका सदा प्रतिबद्ध रहि आएको छ ।

विहादी गाउँबासीको जनभावना बुझी जनआकाङ्क्षा र आवश्यकतालाई प्राथमिकतामा राख्दै नागरिकको जीनस्तरमा सुधार ल्याउने अपेक्षा गरेकी छु ।

भौगोलिक विविधता, प्राकृतिक सुन्दरता वहु जातीय, वहुधार्मीक, वहुसास्कृतिक विशेषता युक्त यस विहादी गाउँपालिकालाई सद्भाव र सहअस्तित्व स्वीकार गर्दै विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गरि आउनुभएका राजनितिक दल, बुद्धिजीवि, शिक्षा प्रेमी, स्वास्थ्यकर्मी, अगुवा कृषक, उद्यमी, महिला, बालबालिका, लक्षित बर्ग, अपाङ्गता भएका व्यक्तित्व, जेष्ठ नागरिक सबैको सुझाव र आवश्यकतालाई मध्यनजर राख्दै विकास कार्यलाई प्राथमिकरण गर्दै नीति तथा कार्यक्रममा समावेश बजेट विनियोजन गरेकी छु ।

गाउँपालिकाको अर्थतन्त्रलाई टेवा पुर्याउने उद्देश्यले राजश्व संकलन र विभिन्न क्षेत्रबाट संकलन हुने राजश्वको दर भन्दापनी दायरा बढाईएको छ ।

विहादीबासी जनताको चाहना, विकास प्रतिको मोह, परिवर्तन प्रतिको आकाङक्षालाई पुरा गर्न सेवा प्रभाहमा सहजता प्रदान गर्न सिंगो विहादी गउँपालिका निरन्तर अगाडी बढीरहेको छ ।

लोकतान्त्रीक अभ्यास, सामाजिक मुल्य मान्यता, न्यायमा आधारित समाज, समृद्ध गाउँपालिका निर्माण गर्नको लागि नेपालको नियम कानून र गाउँपालिकाको ऐन, कानून बमोजिम अगाडी बढेको छ । जनप्रतिनिधिज्यूहरु, कर्मचरी, विज्ञ, निजी क्षेत्र र नागरिकका अपेक्षा र सुझावलाई ध्यान दिँदै विभिन्न कारण संकट ग्रस्त अर्थतन्त्रलाई गतिशिल र चलाएमान बनाउन अनावश्यक खर्चलाई कटौती गर्दै स्थानीय स्रोत " र साधनको परिचालन गरि उत्पादन र रोजगारी, अर्थतन्त्रको चीनारीभन्ने नारासँगै सिपलाई उत्पादन ", उत्पादनलाई  वजार सम्म जोड्दै अर्थतन्त्रको सुधार सँगै  दीगो विकासलाई अगाडी बढाउने लक्ष लिएकी छु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व. को ११ महिनाको  पालिकागत प्रगतिको विवरण तयार गरि पेश गरेकी छु। चालु आ.व.को जेष्ठ मसान्त सम्म कुल विनियोजनको ५७.४२ प्रतिशत बजेट खर्च भएको छ। जुन अधिल्लो बर्षको सोही अवधिको तुलनामा २.१ प्रतिशत बढि हो। कुल खर्च मध्ये चालु तर्फ ६३.९३ प्रतिशत र पुँजिगत तर्फ ४२.६५ प्रतिशत रहेको छ। श्रोत व्यवस्थापन तर्फ चालु आ.व.को जेष्ठ मसान्तसम्मको अवधिमा ७६.१५ प्रतिशत प्राप्त हुन आएको छ। यो विवरण वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक श्रोत समेतलाई समेटेर बनाइएको हो ।

**आ.व. २०८०/८१ मा सम्पन्न कार्यक्रम**

मिति २०८०  जेष्ठ मसान्त सम्मको खर्च को अवस्था

| | **बजेट** | **खर्च** | **बाँकी मौज्दात** | **कैफियत** |
|---|---|---|---|---|
| **चालु तर्फ** | **३२५४६०२३२.००** <br> **(३२ करोड ५४ लाख ६० हजार २ सय तेत्तिस)** | **२०८२२०३६०.८७** <br> **(२० करोड ८२ लाख २० हजार ३ सय ६० रुपैया ८७ पैसा )** | **११७२३९८७२.१३** <br> **(११ करोड ७२ लाख ३९ हजार ८ सय ७२ रुपैया १३ पैसा)** | |
| **पूँजिगत तर्फ** | **१४३७०४३८६.००** <br> **(१४ करोड ३७ लाख ४ हजार ३ सय ८६)** | **६१२९२३९५.००** <br> **(६ करोड १२ लाख ९२ हजार ३ सय ९५)** | **८२४११९७२.४८** <br> **(८ करोड २४ लाख ११ हजार ९ सय ७२ रुपैया ४८ पैसा)** | |
| **कुल जम्मा** | **४६९१६४६०१.००** <br> **(४६ करोड ९१ लाख ६४ हजार ६ सय १)** | **२६९५१२७५६.३९** <br> **(२६ करोड ९५ लाख १२ हजार ७ सय ५६ रुपैया ३९ पैसा)** | **१९९७४१९१७.६१** <br> **(१९ करोड ९७ लाख ४१ हजार ९ सय १७ रुपैया ६१ पैसा)** | |

यसरी बाँकी बजेट मध्ये गाउँ कार्यपालिका र गाँउसभाको निर्णय बमोजिम स्विकृत कार्यक्रम अनुसारका बाँकि खर्च शिर्षकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि ऐन २०७६, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि नियमावली २०७७, लगायत प्रचलित कानुन बमोजिम खर्च गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८१/८२ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु।

**<u>बजेटका उदेश्यहरु निम्न अनुसार रहेका छन।</u>**

- पूर्वाधारको गुणस्तरीयता कायम गर्दै उत्पादनमा अभिवृद्धि गर्नु ।
- विकासका लाभहरुको समानुपातिक र समन्यायिक वितरण मार्फत सबैको अपनत्व कायम गराउनु ।
- सार्वजनिक सेवा प्रवाहलाइ गुणस्तरीय बनाउदै शुसासन प्रवर्द्धन कायम गराउनु ।
- रोजगारी र आयमा वृद्धि गरि स्वरोजगार बनाउनु ।
- सामाजिक न्याय मार्फत समुन्नती हाँसिल गराउनु ।

**माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथामिकता निर्धारण गरेको छु।**

- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय ,पारदर्शी ,सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि गरिने ।
- विहादी गाउँपालिका भित्र सन्तुलित क्षेत्रगत विकासमा जोड दिइनेछ ।
- सामाजिक विकासमा जोड दिदै समतामुलक समाज निर्माणमा जोड दिइनेछ ।
- समन्वय सहकार्य र एकताको भावना अनुसार गाँउपालिकाका काम कारबाही अगाडि बढाइने ।
- स्वास्थ्य पुर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन मार्फत सर्वसुलव स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।
- कृषि तथा पशुपालक किसानलाइ प्रोत्साहन स्वरुप विभिन्न अनुदान उपलब्ध गराइने
- कृषि तथा पशु क्षेत्रको आधुनिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुति गरिने ।
- स्मार्ट पिपुल अफ स्मार्ट गाँउपालिकामा जोड दिँदै डिजिटल भिलेजको अवधारणालाई थप व्यवस्थित गरिनेछ।
- कृषक कल्याणकारी बचतकोष लाइ निरन्तरता दिएको छ ।
- कृषि एम्बुलेन्स संचालन मार्फत किसानको उत्पादनलाइ बजारीकरणका लागि गाउँपालिकाले सहजीकरणको व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनलाइ यस वर्ष पनि निरन्तरता दिइएको छ ।
- शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाई शैक्षिक क्षेत्र सुधारमा विशेष जोड दिदै बजेट विनियोजन गरिएको छ ।
- प्राकृतिक सम्पदाको संरक्षण गर्दै स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरि विकास निर्माणका कार्यहरु सञ्चालन गरिने छ।

**श्रद्धेय अध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

अब म विहादी गाउँपालिकाको आ.व. ०८१/८२ मा समावेश गरेका विशेष कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ✓ विहादी गाउपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न भएको र कृषि तथा पशुविकास क्षेत्र नै आम नागरिकको घरमा सरकार पुग्ने माध्यम भएकाले यस वर्ष पनि कृषि र पशुविकासलाई उच्च प्राथमिकतामा राखि परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिमा विविधिकरण, यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने तर्फ बजेट विनियोजन लाइ निरन्तरता दिएकी छु ।
- ✓ विहादी गाउँपालिकामा रहेको कृषियोग्य जमिनमा सिंचाइ सुविधा पुर्याउनका लागि रकम विनियोजन गरेकी छु ।
- ✓ महिला शसक्तीकरण मार्फत हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्दै लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको नीती बमोवजिम लैङ्गिक समानता कायम गर्न बजेट विनियोजन गरेकी छु ।
- ✓ जातीय विविधता रहेको यस विहादी गाउँपालिकामा संस्कृती संरक्षणका लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ अपाङ्ग, सिमान्तकृत, लोपोन्मुख, राज्यको पहुँचबाट पछि परेका नागरिकलाई बिशेष महत्व दिइ लैङ्गिक समानता, सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणलाई जोड दिदै बजेट बिनियोजन गरेकी छु।
- ✓ अनलाईन मार्फत व्याक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन बायोमेट्रिक स्कानर डिभाइस खरिदका लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, पर्यटन विकास, भाषा, संस्कृति युवा तथा खेलकुदको लागि बजेट बिनियोजन गरेकी छु ।
- ✓ पुर्वाधार बिकासतर्फ यस आ.व. मा सडक, भवन निर्माण तथा मर्मत को लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ प्राकृतिक प्रकोपले जन, धनको क्षति पुर्याउन सक्ने हुँदा यस्ता क्षति रोक्न तथा तत्काल राहत तथा उद्दार सम्बन्धि आवश्यक कार्यका लागि विपद व्यवस्थापनमा रकम बिनियोजन गरेकी छु

**आदरणिय सदस्यज्यूहरु**

अब म आ.व. ०८१/८२ को आय व्ययको अनुमानित बिवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

**आय तर्फ :**

- नेपाल सरकारबाट प्राप्त बित्तीय समानीकरण अनुदानतर्फ रु ७,६४,००,०००/- ( ७ करोड ६४ लाख),
- संघीय सरकार राजस्व बाँडफाँड तर्फ रु ५,५९,७८,८५८/- ( ५ करोड ५९ लाख ७८ हजार ८ सय ५८ ),
- संघीय सरकार सशर्त अनुदान
  चालु तर्फ रु २१,३९,६९,०००/-( २१ करोड ३९ लाख ६९ हजार ),
  पुँजीगत तर्फ रु २,०८,३७,०००/-( २ करोड ८ लाख ३७ हजार)
- संघीय सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ रु २,००,००,०००/- ( २ करोड मात्र ),

- संघीय सरकारबाट प्राप्त बिशेष अनुदानतर्फ रु १,५०,००,०००/- ( १ करोड ५० लाख मात्र ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानतर्फ रु ८९,०६,०००/- ( ८९ लाख ६ हजार ),
- गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँडतर्फ रु ३२,८२,०००/- ( ३२ लाख ८२ हजार ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान चालु तर्फ रु ४०,००,०००/- ( ४० लाख मात्र ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ रु ६०,००,०००/- ( ६० लाख मात्र ),

- स्थानीय सरकार राजश्व बाँडफाँडतर्फ रु १०,५०,०००/- ( १० लाख ५० हजार )
- आन्तरिक आयतर्फ कर सेवा शुल्क र दस्तुर गरि जम्मा रु २२,५०,०००/- ( २२ लाख ५० हजार मात्र),
- कालिगण्डकी जल विद्युत रोयल्टीबाट जम्मा रु ७१,१६,५३२/- ( ७१ लाख १६ हजार ५ सय ३२ मात्र),
- वन रोयल्टी जम्मा रु ४६०९/- (४ हजार ६ सय ९ मात्र),
- चालु आ.व.को अनुमानित अ.ल्या. रकम रु ३,००,००,०००/- ( ३ करोड मात्र),

**जम्मा कुल आय रु ४६,४७,९३,९९९ ।- ( ४६ करोड ४७ लाख ९३ हजार ९ सय ९९ मात्र)** अनुमान गरिएको छ ।

**<u>व्यय तर्फ</u>**

**चालु खर्च तर्फ : ( ७१.३८ प्रतिशत** )

- कार्यालय संचालन तथा प्रशासनिक खर्च तथा विषयगत शाखा तथा वडागत कार्यक्रम खर्च समेतको चालु खर्च रु ११,३८,१९६६५/-( ११ करोड ३८ लाख १९हजारसय ६५ ) विनियोजन गरेकी छु,
  सशर्त अनुदानको चालु खर्च रु २१,३९,६९,०००/-( २१ करोड ३९ लाख ६९ हजार ),
- विपद् व्यवस्थापन तथा राहत कोषमा रकम रु १५,००,०००/- ( १५ लाख ) विनियोजन गरेकी छु,
- प्रदेश शशर्त अनुदान चालु खर्च रु ४०,००,०००/-( ४० लाख),

जम्मा **रु ३३,१७,८८,६६५।०० ( ३३ करोड १७ लाख ८८ हजार ६ सय ६५)**

**पुँजिगत खर्च तर्फ :** ( २८.६३ **प्रतिशत** )

- संघीय सरकार शशर्त अनुदान रु २,०८,३७,०००/-( २ करोड ८ लाख ३७ हजार)
- पालिकास्तरीय आयोजना रवडागत आयेजना तर्फ रु ४,११,६८,३३४//-( ४ करोड ११ लाख ६८ हजार ३ सय ३४)
- संघीय सरकार समपुरक अनुदान (विहादी गाउँपालिकामा सिँचाई आयोजना ) रु२,००,००,०००/- ( २ करोड मात्र) यस वर्ष पनि निरन्तरता दिएको छु ।
- संघीय सरकारबाट प्राप्त बिशेष अनुदानतर्फ ( विहादी गाउँपालिकामा हाईटेक टनेल निर्माणको लागि ) रु १,५०,००,०००/- ( १ करोड ५० लाख मात्र ), यस वर्ष पनि निरन्तरता दिएको छु ।
- प्रदेश समपुरक अनुदान रु ६०,००,०००/- ( ६० लाख मात्र)
- समपुरक कोषमा रकम रु ३,००,००,०००/- ( ३ करोड) विनियोजन गरेकी छु

जम्मा **रु १३,३०,०५,३३४/- ( १३ करोड ३० लाख ५ हजार ३ सय ३४ रुपैयाँ मात्र )**

**शाखागत बजेट विनियोजन**

| क्र.सं. | विषय | बजेट | कैफियत |
|---|---|---|---|
| १ | पशु विकास शाखा | २८ लाख | |
| २ | कृषि विकास शाखा | ६६ लाख | |
| ३ | सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई | ११ लाख | |
| ४ | महिला दलित बालबालिका तथा जेष्ठ नागरिक शाखा | २२ लाख ५० हजार | |
| ५ | रोजगार सेवा केन्द्र | ६ लाख | |
| ६ | शिक्षा युवा तथा खेलकुद विकास शाखा | १ करोड ५१ लाख ६१ हजार | |
| ७ | स्वास्थ्य शाखा | ५५ लाख | |

| | | | |
|---|---|---|---|
| ८ | न्यायीक समिति | ५ लाख | |

**मुख्य कार्यक्रमहरु**

- ✓ लक्षित समुहलाई  विद्युत मिटर बक्स खरिदका लागि रु  ६ लाख विनियोजन गरेकी छु
- ✓ कृषि एम्बुलेन्सको संचालनको लागि रु ५ लाख विनियोजन गरेकी छु
- ✓ व्यवसायिक कृषकलाई दुध ढुवानीमा अनुदान कार्यक्रम लाइ निरन्तरता दिदै प्रति लिटर रु ५ का दरले रु ३ लाख विनियोजन गरेकी छु
- ✓ हलगोरु पाल्ने किसानलाइ प्रेतसाहन गर्न रु ३ लाख विनियोजन गरेकी छु
- ✓ खाद्यान्न विउ विजनमा अनुदान दिनको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु
- ✓ ५० प्रतिशत अनुदानमा स्वास्थ्य बीमा कार्यक्रमको लागि रु २० लाख विनियोजन गरेकी छु
- ✓
- ✓ सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमलाइ यो वर्ष पनि निरन्तरता दिदै रु ४ लाख विनियोजन गरेकी छु
- ✓ महिला स्वास्थ्य स्वयंसेविकालाइ यातायात प्रोत्साहनलाइ रु ६ लाख विनियवजन गरेकि छु
- ✓ वाल विवाह लंङ्गिक हिंसा निवारण तथा सचेतना कार्यक्रमका लागि रु २ लाख तथा उपाध्यक्ष सँग विपन्न महिला उद्यमी उत्थान कार्यक्रमका लागि  रु ४ लाख रकम विनियवजित गरेकी छु
- ✓ श्रमिकका लागि कृषि औजार खरिदका लागि रु ३ लाख र वयवसायिक तथा स्वरोजगारमूलक तालिमका लागि रु ३लाख वजेट विनियवजन गरेकी छु
- ✓ सामुदायिक विद्यालयहरुमा कक्षा १-५मा अंग्रेजी माध्यम पुस्तक वितरणका लागि वजेट विनियोजन गरेकी छु
- ✓ दिवा खाजालाई निरन्तरता दिन बजेट विनियोजन गरेकी छु
- ✓ युवाहरलाइ सरकारी सेवाप्रति आकर्षित गर्ननिशुल्क शिक्षकसेवा तथा लोकसेवा आयोग कक्षा तथा अन्य तयारी कक्षाहरु लागि रु ७ लाख विनियोजन गरेकी छु
- ✓ वहाकी सामुदायिक क्याम्पसको लागि रु ७ लाख विनियोजन गरेकी छु
- ✓ स्वास्थ्यका लागि खेलकुद अन्तर्गत अध्यक्ष कप खेलकुद कार्यक्रमका लागि रु ८लाख विनियोजन गरेकी छु
- ✓ बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु
- ✓ वालमेत्री स्थानीय शासन कार्यक्रमका लागि  रु ३ लाख विनियोजन गरेकी छु।

आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ तथा सो ऐनसंग सम्बन्धित अनुसूचिहरु छलफल गरियोस भन्ने प्रस्ताव सहित यसै साथ पेश गरेकी छु।

विभिन्न भूगोल र सम्भावना बोकेको यस विहादी गाउँपालिकाको आम गुनासो र योजना साथै जनभावना बुझि बाच्छाको भेडावारी देखि विभिन्न समुदाय जात जाति, भाषा भाषी, माझी वस्ती, बोटे बस्ती उरामको कात्तीके देखि शालिग्रामको गोलाङ सम्मका दलीत, जनजाती, महिला बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक सवैलाई नजिकबाट नियालेकी छु । पहुँच नपुगेका आम नागरिकलाई समेट्न सदैव संकल्प रहने छ ।

सम्बोधन भएका योजना तथा कार्यक्रमहरु र सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरु क्रमिक रुपले सम्बोधन हुनेछन भन्ने विश्वास आदरणिय गाउँबासीमा दिलाउन चाहन्छु । आ ०८२।२०८१ .व.को लागि यस सभाबाट विनियोजित योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबैको सहयोग र भूमिकाको अपेक्षा गरेकी छु ।

विविध कारणहरुबाट उत्पन्न परिस्थितिको कारण हाम्रो सम्बृद्धिको यात्रामा केही अवरोध खडा भएता पनि हामी सबैको सहमति, सहकार्य, एकता र साझा संकल्प र हातेमालोबाट समृद्ध र सुन्दर विहादी निर्माण गर्ने कार्यमा सफल हुनेछौ भन्ने आशा लिएकी छु ।

अन्त्यमा यो बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण सभा सदस्यज्यूहरु, सभा सचिवज्यू, कर्मचारीहरु तथा अन्य महानुभावहरुलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद नमस्कार !

**मिना शर्मा तिवारी**
**उपाध्यक्ष**
**विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वत**

विहादी गाउँपालिका

**विहादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

वहाकीठाँटी पर्वत

**आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम**

| क्र स | योजना तथा कार्यक्रम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | **गाउँपालिका प्रशासनिक खर्च** | | |
| २ | पारिश्रमिक कर्मचारी | २१०००००० | |
| ३ | सूचना प्रविधि अधिकृतको तलव थप | ३००००० | |
| ४ | एक गाउँ एक प्राविधिक तलव थप | ६४०००० | |
| ५ | राष्ट्रिय पञ्जिकरणका कर्मचारीलाई तलव थप | ४३०००० | |
| ६ | पारिश्रमिक पदाधिकारी | ७५०००००० | |
| ७ | पोशाक | ६५०००० | |
| ८ | स्थानीय भत्ता | ५००००० | |
| ९ | महंगी भत्ता | १२००००० | |
| १० | प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता | १२००००० | |
| ११ | कर्मचारी बैठक भत्ता | ६००००० | |
| १२ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३००००० | |
| १३ | अन्य भत्ता | १००००० | |
| १४ | विषयगत समिति लगायतको बैठक भत्ता | १५०००० | |
| १५ | पदाधिकारी बैठक भत्ता | २७०००००० | |
| १६ | पदाधिकारी अन्य सुविधा | ५००००० | |
| १७ | कर्मचारी कल्याण कोष | १००००००० | |
| १८ | पानी तथा बिजुली | ५००००० | |
| १९ | संचार महसुल | ५००००० | |
| २० | इन्धन (पदाधिकारी) | १२००००० | |
| २१ | इन्धन (कार्यालय प्रयोजन) | ६००००० | |
| २२ | सवारी साधन मर्मत खर्च | १५००००० | |
| २३ | सवारी बीमा तथा नविकरण खर्च | ५००००० | |
| २४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३५०००० | |
| २५ | मसलन्द तथा कार्यालय सामाग्री | १५००००० | |
| २६ | इन्धन (अन्य प्रयोजन) | १५०००० | |

| | | | |
|---|---|---|---|
| २७ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १२००००० | |
| २८ | सरसफाई सेवा शुल्क | ५००००० | |
| २९ | सेवा र परामर्श | ५००००० | |
| ३० | सूचना प्रणाली व्यवस्थापन तथा सफ्टवयर संचालन खर्च | ६००००० | |
| ३१ | करार सेवा शुल्क | ७५००००० | |
| ३२ | प्रशासनिक कार्यसञ्चालन सम्बन्धी विविध तालिम | ३००००० | |
| ३३ | कार्यालयको ONM निर्माण | ५००००० | |
| ३४ | सार्वजनिक सुनुवाई | २००००० | |
| ३५ | कार्यालयमा AC खरिद तथा जडान | ३००००० | |
| ३६ | राजश्व व्यवस्थापन कार्यक्रम | ८०००० | |
| ३७ | **न्यायीक समिति** | | **५०००००** |
| ३७.१ | बैठक संचालन तथा व्यवस्थापन | ५०००० | |
| ३७.२ | मेलमिलापकर्तालाई रिफ्रेसर तालिम | १५०००० | |
| ३७.३ | विद्यार्थीसँग न्यायीक समिति कार्यक्रम | २००००० | |
| ३७.४ | मेलमिलाप केन्द्र बैठक सञ्चालन तथा विवाद निरुपण | १००००० | |
| ३८ | कार्यपालिका बैठक खाना खाजा खर्च | ४००००० | |
| ३९ | विहादी गाउँपालिका पर्यटकीय क्षेत्र तथा पर्यटन उद्योगमा रहेका स्थान, व्यवसायिको चिनारी पुस्तिका निर्माण | ८०००० | |
| ४० | कृषि एम्बुलेन्स सञ्चालन खर्च | ५००००० | |
| ४१ | सुशासन प्रवर्द्ध कार्यक्रम | १००००० | |
| ४२ | अनुगमन मुल्यांकन | ७००००० | |
| ४३ | सार्वजनिक जग्गा संरक्षण | ३००००० | |
| ४४ | बजार अनुगमन | १५०००० | |
| ४५ | जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम | ३००००० | |
| ४६ | विविध चालु | २००००० | |
| ४७ | भ्रमण खर्च | १२००००० | |
| ४८ | अतिथि सत्कार खर्च | ५००००० | |
| ४९ | विविध खर्च | ७००००० | |
| ५० | गाउँसभा सञ्चालन खर्च | ६००००० | |
| ५१ | घरभाडा | ५००००० | |
| ५२ | रेडियो सत्यवाणी / अन्य एफ एम सूचना प्रशारण खर्च | ३००००० | |
| ५३ | अन्य भाडा | १००००० | |
| ५४ | फिर्ता तथा दाखिला गर्न बाँकी रहेका अनुदान तथा राजश्व भुक्तानी | २०००००० | |
| ५५ | फर्निचर तथा फिक्चर्स | १०००००० | |

| | | | |
|---|---|---|---|
| ५६ | वन, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम | ३०००००० | |
| | **जम्मा** | **६७६८००००** | |
| | **पालिका स्तरिय योजनाहरु** | | |
| १ | विद्युत मिटर बक्स खरिद (लक्षित समुह) | ६०००००० | |
| २ | सेनेटरी प्याड निर्माण मेशिन खरिद तथा तालिम | ८०००००० | |
| ३ | आर्थिक सहायता | १००००००० | |
| ४ | विपद् व्यवस्थापन | १५०००००० | |
| ५ | पर्यटन | ५०००००० | |
| ६ | मागमा आधारित भैपरी योजना / कार्यक्रम | | **९५०००००** |
| ६.१ | मागमा आधारित कार्यक्रम | १५०००००० | अध्यक्ष |
| ६.२ | मागमा आधारित योजना | ३५०००००० | |
| ६.३ | खानेपानी तथा सिंचाई | ७०००००० | |
| ६.४ | मागमा आधारित कार्यक्रम | १००००००० | उपाध्यक्ष |
| ६.५ | मागमा आधारित योजना | २५०००००० | |
| ६.६ | खानेपानी तथा सिंचाई | ३०००००० | |
| ७ | प्रशासनिक भवन पछाडीको जग्गा व्यवस्थापन | ६५००००० | |
| ८ | पालिका स्तरिय सडक सरसफाई | ६०००००० | |
| ९ | कोल्ड स्टोर निर्माण | १०४७०००० | |
| १० | ४ नं वडा कार्यालय भवन | १५३८०००० | |
| ११ | आवधिक योजना तथा मध्यम कालिन खर्च संरचना निर्माण | १००००००० | |
| १२ | सिमान्तकृत वर्गमा परम्परागत सीप संरक्षण | ३५००००० | |
| १३ | समपुरक कोष | ३००००००० | |
| १४ | प्रहरीचौकीहरु विविध खर्च | २०००००० | |
| १५ | संस्कार संस्कृति संरक्षण तथा प्रवर्धन कार्यक्रम | ३०००००० | |
| | **जम्मा** | **४९५८५०००** | |
| | **कृषि** | | |
| १ | एक वडा एक आई पि एम कार्यक्रम | ६०००००० | |
| २ | मौरी घारमा ५० प्रतिशत अनुदान कार्यक्रम | ५०००००० | |
| ३ | मल्चिङ प्लाष्टिक तथा स्प्रेमा ५० प्रतिशत अनुदान कार्यक्रम | २०००००० | |
| ४ | विविध दिवस तथा अगुवा कृषक सम्मान कार्यक्रम | २०००००० | |
| ५ | टनेलमा ५० प्रतिशत अनुदान | ५०००००० | |
| ६ | भकारो सुधार कार्यक्रम | ५०००००० | |
| ७ | तरकारी विउ तथा मिनिकिट वितरण कार्यक्रम | ३०००००० | |
| ८ | प्लाष्टिक पोखरीमा ५० प्रतिशत अनुदान कार्यक्रम | ३०००००० | |

| | | | |
|---|---|---|---|
| ९ | ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण कार्यक्रम | १०००००० | |
| १० | ५० प्रतिशत अनुदानमा कुटानी पिसानी मिल वितरण | ५००००० | |
| ११ | व्यवसायिक कृषकलाई क्यारेट वितरण कार्यक्रम | २००००० | |
| १२ | जैविक विषादी बनाउने तालिम | २००००० | |
| १३ | कृषक कल्याणकारी बचत कोष कार्यक्रम | ६००००० | |
| १४ | प्राङ्गारीक खेतिका लागि जैविक मल तथा सामाग्री वितरण कार्यक्रम | ३००००० | |
| १५ | कफि विरुवा वितरण कार्यक्रम | १००००० | |
| १६ | माटो परिक्षणका लागि किट बक्स खरिद कार्यक्रम | ३००००० | |
| १७ | विषादी खरिद कार्यक्रम | ३००००० | |
| | **जम्मा** | **६६०००००** | |
| | **स्वास्थ्य शाखा** | | |
| १ | औषधी खरिद | १०००००० | |
| २ | ल्याब संचालन तथा व्यवस्थापन | १००००० | |
| ३ | आकस्मिक अवस्थामा गर्भवतीलाई निशुल्क एम्बुलेन्स सेवा | ५०००० | |
| ४ | सामुदायिक स्वास्थ्य इकाई बर्थिकङ इकाई चार्डपर्व खर्च | ३१२००० | |
| ५ | किशोर किशोरी प्रजनन स्वास्थ्य | १००००० | |
| ६ | सुत्केरी सँग उपाध्यक्ष कार्यक्रम | ४००००० | |
| ७ | ग्रामिण अल्ट्रासाउण्ड | ६०००० | |
| ८ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन | १५०००० | |
| ९ | स्वास्थ्य शिविर पालिका स्तरिय | ३००००० | |
| १० | ५० प्रतिशत अनुदानमा स्वास्थ्य बीमा कार्यक्रम | २०००००० | |
| ११ | अपाङ्गता सहायता सामाग्री वितरण | ३००००० | |
| १२ | आखा उपचार केन्द्र व्यवस्थापन | २००००० | |
| १३ | महिला स्वास्थ्य स्वयंसेविका यातायात प्रोत्साहन | ६००००० | |
| | **जम्मा** | **५५७२०००** | |
| | **पशु विकास शाखा** | | |
| १ | स्थानीय / लोकल गाई संरक्षण कार्यक्रम | १५०००० | |
| २ | पशु स्वास्थ्य औषधि खरिद | १०००००० | |
| ३ | घाँसका बीउ तथा बेर्ना ९० प्रतिशत अनुदानमा वितरण कार्यक्रम | १५०००० | |
| ४ | दुध ढुवानीमा अनुदान (प्रति लिटर रु ५) | ३००००० | |
| ५ | ल्याब व्यवस्थापन तथा ल्याव सम्बन्धी आवश्यक सामाग्री खरिद | २००००० | |
| ६ | कृषकलाई पशु पालन सम्बन्धी तालिम | २००००० | |
| ७ | बाख्रा तथा बंगुरको खोर निर्माण तथा सुधार कार्यक्रम | ५००००० | |
| ८ | हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रम | ३००००० | |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **२८००००० ** | |
| | **सामाजिक सुरक्षा तथा पञ्जिकरण एकाई** | | |
| १ | बायोमेट्रीक स्क्यानर डिभाईस खरिद | २००००० | |
| २ | सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी कार्यान्वयनकका लागि सम्पूर्ण वडा सचिव तथा कर्मचारीहरुको क्षमता अभिवृद्धी तालिम | १००००० | |
| ३ | जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुप्रति परिवारको दायित्व सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम | ३००००० | |
| ४ | सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम खर्च | ५००००० | |
| | **जम्मा** | **११००००० ** | |
| | **रोजगार सेवा केन्द्र** | | |
| १ | श्रमिकको लागि आवश्यक कृषि औजार खरिद | ३००००० | |
| २ | व्यवसायिक तथा स्वरोजगारमुलक तालिम | ३००००० | |
| | **जम्मा** | **६००००० ** | |
| | **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा** | | |
| १ | GESI Audit लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीति | १००००० | |
| २ | दलित समुदाय चेतनामुलक क्षमता अभिवृद्धि तालिम | ६००००० | |
| ३ | उपाध्यक्षसँग विपन्न महिला उद्यमी उत्थान तालिम | ४००००० | |
| ४ | नारी दिवस कार्यक्रम | १५०००० | |
| ५ | तिज कार्यक्रम | २५०००० | |
| ६ | बाल विवाह, लैंगिक हिंसा निवारण तथा सचेतना अभिवृद्धि कार्यक्रम | २००००० | |
| ७ | बालमैत्री स्थानीय शासन अवलम्बन (CFLG) | २००००० | |
| ८ | बालक्लवहरुलाई खेलकुद सामाग्री वितरण | १००००० | |
| ९ | टुहुरा बालबालिका प्रोत्साहन | ५०००० | |
| १० | महिला किशोरी सम्बाद कार्यक्रम | १००००० | |
| ११ | महिला सञ्जाल पुनर्गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम | १००००० | |
| | **जम्मा** | **२२५०००० ** | |
| | **शिक्षा युवा तथा खेलकुद विकास शाखा** | | |
| १ | बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीका लागि थप तलब अनुदान | ६५१२००० | |
| २ | तोकिएको ११ विद्यालयहरुमा बाल कक्षा तथा केजी कक्षा अनुदान | १४३०००० | |
| ३ | आधारभूत तह कक्षा ८ परीक्षा र अन्य कक्षाहरुको वार्षिक र सिकाई उपलब्धी परीक्षा संचालन व्यवस्थापन तथा सामुदायिक विद्यालयहरु सुपरिवेक्षण, अनुगमन | ३२५००० | |
| ४ | सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यम पुस्तक कक्षा १-५ वितरण | ४००००० | |

| | | | |
|---|---|---|---|
| ५ | प्रधानाध्यापक तथा शिक्षक बैठक खाजा खाना तथा स्टेशनरी व्यवस्थापन तथा यातायात खर्च | ३००००० | |
| ६ | विद्यालय तहको लागि कम्प्यूटर प्राविधिक व्यवस्थापन अनुदान | ४६४००० | |
| ७ | आधारभूत तह कक्षा १-८ सम्म दिवा खाजा व्यवस्थापन अनुदान | ५००००० | |
| ८ | गाउँ शिक्षा समिति बैठक सञ्चालन, बैठक भत्ता तथा खाजा, खाना | २००००० | |
| ९ | राष्ट्रपति रनिङ सिल्ड संचालन तथा व्यवस्थापन | ७००००० | |
| १० | स्थानीय पाठ्यपुस्तक निर्माण तथा प्रकाशन | ५००००० | |
| ११ | शिक्षा दिवस कार्यक्रम उत्कृष्ठ विद्यार्थी तथा शिक्षक सम्मान | १५०००० | |
| १२ | शिक्षा सम्बन्धी तालिम तथा कार्यक्रमहरु | १५०००० | |
| १३ | विद्यार्थी प्रतिभा पहिचान | १००००० | |
| १४ | गाउँपालिका स्तरिय शैक्षिक क्यालेण्डर निर्माण | ८०००० | |
| १५ | अभिभावक शिक्षा कार्यक्रम व्यवस्थापन | १००००० | |
| १६ | अतिरिक्त कक्षा सञ्चालन | ६००००० | |
| १७ | निशुल्क शिक्षकसेवा तथा लोकसेवा आयोग कक्षा तथा अन्य कक्षाहरु सञ्चालन | ७००००० | |
| १८ | नेपालतारा मा वि प्राविधिक शिक्षा अनुदान | ३००००० | |
| १९ | अल्पकालिन तथा द्दघकालीन शिक्षा योजना निर्माण | १००००० | |
| २० | शिक्षा विविध | ५०००० | |
| २१ | वहाकी सामुदायिक क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान | ७००००० | |
| २२ | अध्यक्षकप खेलकुद कार्यक्रम | ८००००० | |
| | **जम्मा** | **१५१६१०००** | |

| | | |
|---|---|---|
| अनुमानित जम्मा बजेट | १८४९८७९९९ | |
| | | |
| पालिका स्तरिय तथा शाखागत बजेट जम्मा | **१५१३४८०००** | |
| | | |
| ६ वटै वडा कार्यालयहरुको बजेट सिलिङ | ३३६३९९९९ | |
| वडागत सिलिङ (प्रति वडा) | ५६०६६६७ | |

| | | | |
|---|---|---|---|
| **१ नं. वडा बाच्छा** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महशुल | २०००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ५९६६७ | |

| | | | |
|---|---|---|---|
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | विविध खर्च | ९६००० | |
| ८ | भ्रमण खर्च | ८४००० | |
| ९ | अतिथी सत्कार खर्च | १००००० | |
| १० | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| **जम्मा प्रशासनिक खर्च** | | **५९१६६७** | |
| **योजना तर्फ** | | | |
| १ | जनकल्याण मा.वि. अतिरिक्त क्रियाकलाप संचालन | १४०००० | चालु |
| २ | जनविकास आ.वि. अतिरिक्त क्रियाकलाप संचालन | ८०००० | चालु |
| ३ | जनकल्याण प्रा.वि. अतिरिक्त क्रियाकलाप संचालन | ५०००० | चालु |
| ४ | जनप्रिय प्रा.वि. अतिरिक्त क्रियाकलाप संचालन | ३०००० | चालु |
| ५ | महिला सशक्तिकरण | १००००० | चालु |
| ६ | स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन | ७०००० | चालु |
| ७ | कृषि विकास कार्यक्रम | १००००० | चालु |
| ८ | पशु विकास कार्यक्रम | १००००० | चालु |
| ९ | लक्षित वर्ग विशेष कार्यक्रम | १००००० | चालु |
| १० | तिज विशेष कार्यक्रम | ५०००० | चालु |
| ११ | विद्यार्थिलाई क्षमता अभिवृदी कार्यक्रम | १००००० | चालु |
| १२ | टोल सुधार संयोजकलाई संचार | ४५००० | चालु |
| १३ | कला संस्कृती संरक्षण | १००००० | चालु |
| १४ | बाच्छा सामुदायिक विद्युतिकरण उपभोक्ता समिति व्यवस्थापन तथा संचालन | २००००० | चालु |
| १५ | सडक सरसफाई | ३५०००० | पुँजिगत |
| १६ | विद्यार्थीलाई शैक्षीक सामाग्री वितरण कार्यक्रम | १००००० | चालु |
| १७ | वडा कार्यालयमा ट्रस भवन निर्माण | २००००० | पुँजिगत |
| १८ | गर्भवती तथा सुत्केरी महिलालाई पोषण कार्यक्रम | १००००० | चालु |
| १९ | भैपरी आउने कार्यक्रम | ६००००० | चालु |
| २० | दुर्लाङ दोर्मा सडक बाटो नाली निर्माण तथा स्तरोन्नती | २००००० | पुँजिगत |
| २१ | लोक मार्ग देखि साविक २ नं वडाको सिमानासम्म नालि निर्माण | २००००० | पुँजिगत |
| २२ | साविक ४ नं वडाको गोरेटो बाटो र कुलो मर्मत | २००००० | पुँजिगत |
| २३ | दुर्लाङ खानेपानी | ५०००० | पुँजिगत |
| २४ | बच्छेश्वर देखि भेडावारी जाने बाटो मर्मत | १००००० | पुँजिगत |

| | | | |
|---|---|---|---|
| २५ | रनाली डुनी डाँडा पैदल मार्ग निर्माण | १००००० | पुँजिगत |
| २६ | देउराली सामुदायिक भवन ढलान | २००००० | पुँजिगत |
| २७ | दैरेनी कुला मुनि पैदल मार्ग निर्माण | २००००० | पुँजिगत |
| २८ | जनप्रिय प्रा वि. सालडाँडाको भवन फिनिसिंङ्ग | १००००० | पुँजिगत |
| २९ | क्युडाँडा देखि सालडाँडा सम्म पैदल मार्ग निर्माण | १००००० | पुँजिगत |
| ३० | संग्रहालय फिनिसिंङ्ग | १५०००० | पुँजिगत |
| ३१ | बाल क्लव परिचालन खर्च | ५०००० | चालु |
| ३२ | जिमिरे खोल्सा देखि गैराघर टोल पैदल मार्ग | १५०००० | पुँजिगत |
| ३३ | भैपरी आउने स-साना योजना | ४००००० | पुँजिगत |
| ३४ | साविक ३ नं वडाको सिमाना देखि वि.क टोल नालि निर्माण | २००००० | पुँजिगत |
| **जम्मा योजना** | | **५०१५०००** | |
| **प्रशासनिक र योजना जम्मा** | | **५६०६६६७** | |

| | | | |
|---|---|---|---|
| **२ नं. वडा वर्राचौर** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महशुल | ३०००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ४२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | विविध खर्च | ९६००० | |
| ८ | भ्रमण खर्च | ८४००० | |
| ९ | अतिथी सत्कार खर्च | १००००० | |
| १० | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| ११ | वडा कार्यालय व्यवस्थापन तथा सञ्चालन | १००००० | |
| **जम्मा प्रशासनिक खर्च** | | **६८४०००** | |
| **योजना तर्फ** | | | |
| १ | विविध स-साना योजना | ४३२६६७ | पूँजीगत |
| २ | तरकारी नर्सरी तथा बिउ वितरण | १००००० | चालु |
| ३ | जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवद्धन कार्यक्रम | १००००० | चालु |
| ४ | पोषण कार्यक्रम | १००००० | चालु |
| ५ | संस्था कम्प्युटर मर्मत | ५०००० | चालु |
| ६ | श्री जनसेवा प्रा.वि. व्यवस्थापन | ४०००० | चालु |

| | | | |
|---|---|---|---|
| ७ | श्री आम्वारी मा.वि. ११/१२ शिक्षक पारिश्रमिक | ५००००० | चालु |
| ८ | श्री आम्वारी आधारभुत विद्यालय व्यवस्थापन | १५०००० | चालु |
| ९ | स्वास्थ्य चौकी व्यबस्थापन तथा सञ्चालन | ५०००० | चालु |
| १० | मोटर बाटो सरफाई तथा स्तरोन्नती | ७००००० | पूँजीगत |
| ११ | गोरेटा बाटाहरु सुधार (साविक १-५) | २७५००० | पूँजीगत |
| १२ | गोरेटा बाटाहरु सुधार (साविक ६-९) | २२५००० | पूँजीगत |
| १३ | विविध भैपरी आउने | ५५०००० | चालु |
| १४ | डहरमुनी, खर्क, गैरावारी गोरेटो बाटो निर्माण | १५०००० | पूँजीगत |
| १५ | ठौवा ठाडो बाटो निर्माण | १५०००० | पूँजीगत |
| १६ | पुरी टोल गोरेटो बाटो निर्माण | १५०००० | पूँजीगत |
| १७ | शिवचोक प्रतिक्षालय निर्माण | १५०००० | पूँजीगत |
| १८ | जिम्माल टोल तल्लाहार गोरेटो बाटो निर्माण | १५०००० | पूँजीगत |
| १९ | भट्टराई टोल गोरेटो बाटो | १५०००० | पूँजीगत |
| २० | पैयुपाटा ओडारे गोरेटो बाटो | १५०००० | पूँजीगत |
| २१ | कोलडाडा देखि नौनादी स्कुल गोरेटो बाटो | १५०००० | पूँजीगत |
| २२ | भौत टोल देखि नौनादी स्कुल गोरेटो बाटो | १५०००० | पूँजीगत |
| २३ | पाताल संरक्षण कार्यक्रम | २५०००० | पूँजीगत |
| २४ | आम्वारी आ.वि. खानेपानी मर्मत | ५०००० | पूँजीगत |
| **जम्मा योजना** | | **४९२२६६७** | |
| **प्रशासनिक र योजना जम्मा** | | **५६०६६६७** | |

| | | | |
|---|---|---|---|
| **३ नं. वडा रानीपानी** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ** | | | |
| १ | पानी तथा विजुली | २४००० | चालु |
| २ | संचार महशुल | ३०००० | चालु |
| ३ | इन्धन कार्यालय प्रयोजन | ४२००० | चालु |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | चालु |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १८००० | चालु |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | चालु |
| ७ | विविध खर्च | १००००० | चालु |
| ८ | भ्रमण खर्च | ८४००० | चालु |
| ९ | अतिथी सत्कार खर्च | १००००० | चालु |
| १० | वडा कार्यालय व्यवस्थापन खर्च | १००००० | चालु |
| ११ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | चालु |

| | | | |
|---|---|---|---|
| **जम्मा प्रशासनिक खर्च** | | **६८८०००** | |
| **<u>योजना तर्फ</u>** | | | |
| १ | सडक सरसफाई | ५००००० | पुंजीगत |
| २ | स-साना योजनाहरु | ५००००० | पुंजीगत |
| ३ | भैपरी आउने कार्यक्रम खर्च | ५४८००० | चालु |
| ४ | उज्यालो रानीपानी कार्यक्रम | ४००००० | पुंजीगत |
| ५ | वडा कार्यालय अन्तरगतका सम्पुर्ण विधालयमा पोशाक खरिद | ७००००० | चालु |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रममा साझेदारी | ८००००० | पुंजीगत |
| ७ | छ्याङ घाट प्रतिक्षालय निर्माण | २००००० | पुंजीगत |
| ८ | कुमाल घाट प्रतिक्षालय निर्माण | २००००० | पुंजीगत |
| ९ | स्वास्थ्य चौकी व्यवस्थापन खर्च | ५०००० | चालु |
| १० | घरदैलो स्वास्थ्य परीक्षण | ५०००० | चालु |
| ११ | टोल सुधार संयोजक वैठक व्यवस्थापन तथा संचार खर्च | १००००० | चालु |
| १२ | कला संस्कृती संरक्षण तथा खेलकुद | १००००० | चालु |
| १३ | पशु विकास सामाग्री खरिद | ७०००० | चालु |
| १४ | इमिचौर मन्दिर निर्माण | ५००००० | पुंजीगत |
| १५ | छरछरे पँधेरोमा क्रियाघर निर्माण | २००००० | पुंजीगत |
| **जम्मा योजना** | | **४९१८०००** | |
| **प्रशासनिक र योजना जम्मा** | | **५६०६०००** | |

| | | | |
|---|---|---|---|
| **४ नं. वडा वहाकीठाँटी** | | | |
| **<u>कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ</u>** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महशुल | ३०००० | |
| ३ | इन्धन (कार्यालय प्रयोजन) | ४२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी औजार मर्मत तथा संचालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामग्री | १५०००० | |
| ७ | भ्रमण खर्च | ८४००० | |
| ८ | विविध खर्च | ११३६६७ | |
| ९ | सवारी साधन तथा मेसिनरी औजार भाडा | २४००० | |
| १० | अतिथि सत्कार खर्च | १००००० | |
| **जम्मा प्रशासनिक खर्च** | | **६०१६६७** | |
| **<u>योजना तर्फ</u>** | | | |

| | | | |
|---|---|---|---|
| १ | भेपरी कार्यक्रम | ७००००० | चालु |
| २ | वडा कार्यालय उद्‌घाटन तथा कार्यक्रम संचालन खर्च | १००००० | चालु |
| ३ | सामग्री ढुवानी यातायात तथा अन्य भाडा | ५०००० | चालु |
| ४ | रम्बादेवी माता प्रावि संचालन तथा व्यवस्थापन अनुदान | १००००० | चालु |
| ५ | लक्ष्मी भवन मावि संचालन तथा व्यवस्थापन अनुदान (कक्षा १-३ तर्फ) | १५०००० | चालु |
| ६ | स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण | ५०००० | चालु |
| ७ | आयुर्वेदिक औषधी खरिद तथा वितरण कार्यक्रम | ५०००० | चालु |
| ८ | बालक्लब कार्यक्रम संचालन खर्च | ५०००० | चालु |
| ९ | स्वास्थ्य चौकी व्यवस्थापन खर्च | ५०००० | चालु |
| १० | सापचौर खेलमैदान जग्गा प्राप्ती | ५५५००० | पूँजीगत |
| ११ | प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम | ४००००० | पूँजीगत |
| १२ | वडा कार्यालय ट्रष्ट निर्माण | ५००००० | पूँजीगत |
| १३ | सापचौर खेलमैदान निर्माण तथा व्यवस्थापन | १४००००० | पूँजीगत |
| १४ | शाखा मोटरबाटोहरु मर्मत तथा सरसफाई | ५००००० | पूँजीगत |
| १५ | वडा कार्यालय फर्निचर तथा सामग्री खरिद | ३००००० | पूँजीगत |
| १६ | भुसालचोक कुर्सी व्यवस्थापन | ५०००० | पूँजीगत |
| **जम्मा योजना** | | **५००५०००** | |
| **प्रशासनिक र योजना जम्मा** | | **५६०६६६७** | |

| **५ नं. वडा उरामपोखरा** | | | |
|---|---|---|---|
| **कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महसुल | ३०००० | |
| ३ | इन्धन (कार्यालय प्रायोजन) | ४२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा सञ्चालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | भ्रमण खर्च | ८४००० | |
| ८ | विविध खर्च | ११८६६७ | |
| ९ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| १० | अतिथि सत्कार खर्च | १००००० | |
| **जम्मा प्रशासनिक खर्च** | | **६०६६६७** | |
| **योजना तर्फ** | | | |

| | | | |
|---|---|---|---|
| १ | क्लव कार्यक्रम सञ्चालन खर्च | ८०००० | चालु |
| २ | आमा समूह कार्यक्रम सञ्चालन तथा अन्य खर्च | ६०००० | चालु |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | ३००००० | चालु |
| ४ | स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन | ५०००० | चालु |
| ५ | महिला स्वयंसेविका प्रोत्साहन सामाग्री वितरण | २५००० | चालु |
| ६ | भलवाडी सामुदायिक भवन ढल निकास | ५०००० | चालु |
| ७ | आयुर्वेदिक औषधी खरिद | ५०००० | चालु |
| ८ | भैपरी आउने कार्यक्रम खर्च | ४०५००० | चालु |
| ९ | मगर समाज सामाग्री खरिद | ५०००० | पुँजीगत |
| १० | उराम मोटरबाटो ढलान | २००००० | पुँजीगत |
| ११ | तिमिल्सेना ढल निकास | १५०००० | पुँजीगत |
| १२ | सापकोटा पधेँरो मर्मत | ५०००० | पुँजीगत |
| १३ | विसुनढुङ्गा भालुघाँघर पैदल मार्ग | ५०००० | पुँजीगत |
| १४ | दलित समाज भवन | ४८०००० | पुँजीगत |
| १५ | सडक सरसफाई तथा स्तरोन्नति | ४६०००० | पुँजीगत |
| १६ | ओखरनेटा मोटरबाटो सोलिङ ढलान | १८०००० | पुँजीगत |
| १७ | सिरान मोटरबाटो ढलान | २००००० | पुँजीगत |
| १८ | कुवापानी खानेपानी मर्मत सम्भार | ७०००० | पुँजीगत |
| १९ | सिरान चौतरी कालिका प्रा.वि. पदमार्ग | १००००० | पुँजीगत |
| २० | शिवपुरी मन्दिर व्यवस्थापन | ८०००० | पुँजीगत |
| २१ | कालठुटा मोटरबाटो ढलान | १५०००० | पुँजीगत |
| २२ | सालघारी मोटरबाटो ढलान | २००००० | पुँजीगत |
| २३ | डुड हुलाकी पदमार्ग | १५०००० | पुँजीगत |
| २४ | खोरपोखरा मोटरबाटो ढलान | १००००० | पुँजीगत |
| २५ | मगर समाज भवन | ५००००० | पुँजीगत |
| २६ | सालघारी मोटरबाटो सरसफाई | ६०००० | पुँजीगत |
| २७ | सिरवानेडाँडा मोटरबाटो ढलान | २५०००० | पुँजीगत |
| २८ | बेलवारी पैदलमार्ग तथा ढल निकास | १००००० | पुँजीगत |
| २९ | कालिका आमा समूह भवन व्यवस्थापन | १५०००० | पुँजीगत |
| ३० | बगर पौवा निर्माण | १५०००० | पुँजीगत |
| ३१ | बाझवारी ढल निकास | १००००० | पुँजीगत |
| **जम्मा योजना** | | **५००००००** | |
| **प्रशासनिक र योजना जम्मा** | | **५६०६६६७** | |
| **क्रमागत तर्फ** | | | |

| | | | |
|---|---|---|---|
| १ | पैयूखोला सामुदायिक विद्युतीकरण उपभोक्ता समिति विल भूक्तानी | ८००००० | |
| **क्रमागत जम्मा** | | **८०००००** | |

| | | | |
|---|---|---|---|
| **६ नं. वडा शालिग्राम** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महसुल | ३०००० | |
| ३ | इन्धन (कार्यालय प्रयोजन) | ४२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | भ्रमण खर्च | ८४००० | |
| ८ | अतिथि सत्कार खर्च | १००००० | |
| ९ | विविध खर्च | ९६००० | |
| १० | वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन | १००००० | |
| ११ | सवारी साधन मेसिनरी औजार भाडा | २४००० | |
| **जम्मा प्रशासनिक खर्च** | | **६८४०००** | |
| **योजना तर्फ** | | | |
| १ | विविध कार्यक्रम खर्च | १५०००० | चालु |
| २ | आर्थिक सहायता कोष | १००००० | चालु |
| ३ | मौरी घार गोला सहित ७५ प्रतिशत अनुदानमा वितरण | ३००००० | चालु |
| ४ | भैपरी आउने कार्यक्रम खर्च | २००००० | चालु |
| ५ | कृषकहरुलाई निशुल्क विरुवा वितरण | ५०००० | चालु |
| ६ | तरकारी बालीको लागि निशुल्क मिनिकिट वितरण | ५०००० | चालु |
| ७ | विपद व्यवस्थापन | १००००० | चालु |
| ८ | क्यालेन्डर छपाई तथा वितरण | ३०००० | चालु |
| ९ | खेलकुद सामाग्री वितरण | ६०००० | चालु |
| १० | अपांग प्रोत्साहन कार्यक्रम | ३०००० | चालु |
| ११ | शालिग्राम मा.वि.दिवाखाजा कक्षा ९ देखि १२ | २००००० | चालु |
| १२ | शालिग्राम स्वास्थ्य चौकी व्यवस्थापन | ३०००० | चालु |
| १३ | शालिग्राम आयुर्वेद औषधालय व्यवस्थापन | ३०००० | चालु |
| १४ | शिला आधारभुत विद्यालय व्यवस्थापन | १००००० | चालु |
| १५ | जनचेतना प्रा.वि. व्यवस्थापन | २०००० | चालु |
| १६ | सेतिवेणी प्रहरी चौकी फोटोकपी मेसिन खरिद | ३०००० | पुजिँगत |

| | | | |
|---|---|---|---|
| १७ | शालिग्राम आयुर्वेद औषधालय शौचालय मर्मत | ७०००० | पुजिँगत |
| १८ | मोटरबाटो मर्मत तथा सरफाई | ७२२६६७ | पुजिँगत |
| १९ | मागमा आधारित योजना | ७००००० | पुजिँगत |
| २० | मुलाबारी पौवा निर्माण | ५०००० | पुजिँगत |
| २१ | चरकाङ नयाँ कुलो मर्मत | १००००० | पुजिँगत |
| २२ | विसुनडाडाँ शिव मन्दिर निर्माण | १००००० | पुजिँगत |
| २३ | सुनडाडाँ वाल निर्माण | १००००० | पुजिँगत |
| २४ | डुम्रेगैरा पौवा निर्माण | १००००० | पुजिँगत |
| २५ | माझ गाउँ काभ्रोफेदको वाल तथा वाटो मर्मत | १५०००० | पुजिँगत |
| २६ | चिलाउने खर्कबाट खुरखुरे जाने बाटो निर्माण | १००००० | पुजिँगत |
| २७ | लामगरा भयर थानको बाटो निर्माण | १००००० | पुजिँगत |
| २८ | शालिग्राम स्वास्थ्य चौकी बाटो निर्माण | १००००० | पुजिँगत |
| २९ | ओय पधेरो टंकि मर्मत | ५०००० | पुजिँगत |
| ३० | खहरे प्रतिक्षालय निर्माण (छाप) | १००००० | पुजिँगत |
| ३१ | झाक्री थान देखि स्वामिको फेद सम्मको बाटो निर्माण | १००००० | पुजिँगत |
| ३२ | सेतिवेणी सौचालय तथा बाटो निर्माण | ४५०००० | पुजिँगत |
| ३३ | प्रधानमन्त्री रोजगार कार्यक्रममा साझेदारी | ३००००० | पुजिँगत |
| ३४ | तिवारीथर भल व्यवस्थापन | ५०००० | पुजिँगत |
| **जम्मा योजना** | | **४९२२६६७** | |
| **प्रशासनिक र योजना जम्मा** | | **५६०६६६७** | |